स्थानिय सरकार
# गुठिचौर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## धलमुडी, जुम्ला

कर्णाली प्रदेश

**मदिरा नियन्त्रण तथा व्यावस्थापन प्रभावकारीता सम्बन्धि जन सम्वाद कार्यक्रम सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८३।०३।०५

श्री सरोकारवालाहरु

प्रस्तुत विषयमा यस गुठीचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार मदिरा नियन्त्रण तथा व्यावस्थापन प्रभावकारीता सम्बन्धि जन सम्वाद कार्यक्रम गर्न बिनियोजित भएको ५००००० ( पाँच लाख रुपैया मात्र) बजेटको सिमा भित्र रहेर काम गर्न इच्छुक यस गुठिचौर गाउँपालिकामा सुचिकृत भएका जिल्ला स्थित सामुदायिक रेडियोहरुले प्रथम पटक प्रकाशित मिति २०८३।०२।२८ गतेको सुचनामा चार वटा रेडियोहरुको कोटेशन पेश गरेकोमा कुनै पनि रेडियोहरुले सुचिकृत नगरेकोले यो दोर्स्रो पटक सूचना प्रकाशन भएको मितिले ३ दिन भित्र कार्यालय समयमा गुठिचौर गाउँपालिकाले तयार पारेको यसै साथ सँलग्न TOR बमोजिमको BOQ को ढाचाँमा दररेट सहितको कोटेशन पेश गर्नु हुन सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। काम गर्न इच्छुक जिल्ला स्थित सामुदायिक रेडियोहरुले माथी उल्लेखित समय भित्र गुठिचौर गाउँपालिकाको प्रशासन शाखामा खामबन्दि कोटेशन पेश गर्नुपर्ने छ। कोटेशन पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्नुपर्ने छ।

२०८३।०३।०५

..........................
टेक बहादुर बुढथापा
(प्रमुख प्रशासकीय अधिकृत)

## Terms of Reference (TOR)

## मदिरा नियन्त्रण तथा व्यावस्थापन प्रभावकारीता सम्बन्धि जन सम्वाद कार्यक्रम

## गुठिचौर गाँउपालिका जुम्ला

**पृष्ठभूमि :**

गुठिचौर गाउँपालिकामा मदिरा सेवनका कारण सामाजिक, आर्थिक तथा स्वास्थ्य क्षेत्रमा नकारात्मक प्रभाव बढ्दै गएको छ। जसले गर्दा घरेलु हिंसा, अपराध, आर्थिक समस्या तथा सामाजिक असन्तुलनका घटनाहरूमा वृद्धि भएकोले यसलाई नियन्त्रण तथा न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम आवश्यक देखिएको छ। यसै सन्दर्भमा गुठिचौर गाउँपालिका जुम्लाले सञ्चालन गरेको मदिरा नियन्त्रण तथा न्युनिकरण अभियानको प्रभाव र कार्यान्वयनको अवस्थाका विषयमा प्रत्येक बस्तिमा पुगेर जन संवाद कार्यक्रम गर्न आवश्यक छ।

**कार्यक्रमका उद्देश्यहरू**

- मदिरा सेवनबाट हुने असरबारे जनचेतना अभिवृद्धि गर्ने।
- मदिरा सेवन नियन्त्रण तथा न्यूनिकरण गर्ने।
- घरेलु हिंसा तथा सामाजिक विकृक्ति घटाउने।
- स्वस्थ, सभ्य र सुरक्षित समाज निर्माणमा सहयोग गर्ने।
- कार्यक्रम कार्यान्वयन क्षेत्र गुठिचौर गाउँपालिका भरी

**कार्यक्रम सञ्चालन स्थान**

गुठिचौर गाँउपालिका भित्रका प्रत्येक बस्तीहरुमा सञ्चालन गरिने छ।

**लक्षित समुह**

गुठिचौर गाँउपालिका भित्र बसोबास गर्ने स्थानीय समुदाय, युवा तथा किशोर-किशोरी, महिला समूह, मदिरा सेवन गर्ने व्यक्तिहरू हुनेछन।

**कार्यक्रमका प्रमुख गतिविधिहरू**

जनचेतना मूलक अभिमुखीकरण कार्यक्रम, समुदायस्तरीय अन्तरक्रिया तथा छलफल, सचेतना याली तथा प्रचार-प्रसार, सरोकारवाला निकायसँग समन्वय बैठक, व्यवहार परिवर्तन सम्वन्धी सन्देश प्रवाह तथा कार्यक्रमको दस्तावेजिकरण तथा प्रतिवेदन तथारी गर्नु पर्नेछ।

गुठिचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

**कार्यक्रममा सहभागि हुने व्यक्तिहरु तथा कार्यान्वयन हुने स्थान :**

गुठिचौर गाँउपालिका का गाउँपालिका अध्यक्ष, नेपाल प्रहरी, अधिवक्ता तथा स्थानीय अगुवाहरूको सहभागिता वडा तथा बस्ति स्तरमा कार्यक्रम सञ्चालन गर्ने, समुदायसँग प्रत्यक्ष संवाद गर्ने, सूचना, शिक्षा र सञ्चार सामग्री प्रयोग गर्ने ।

**समयावधि**

कार्यक्रम सञ्चालन हुने अवधि २०८३ को असार २० गतेसम्म हुनेछ ।

**सेवा प्रदायकको योग्यता तथा अनुभव**

मदिरा नियन्त्रण तथा व्यावस्थापन प्रभावकारीता सम्वन्धि जन सम्वाद कार्यक्रम सञ्चालन गर्न जिल्ला स्थित इच्छुक सामुदायिक रेडियोले निम्न योग्यता पूरा गरेको हुनुपर्नेछ:

- प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्ने।
- स्थायी लेखा नम्बर (PAN) दर्ता भएको हुनुपर्ने ।
- कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने।
- संस्थाको अद्यावधिक नवीकरण भएको प्रमाणपत्र पेश गर्नुपर्ने।
- यस सम्बन्धि काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिईने छ।

**बार्षिक व्यवस्था**

सम्झौता भएपछि १००% रकम कार्यक्रम सम्पन्न भई प्रतिवेदन पेश गरेपछि भुक्तानी लिनु पर्ने छ।

**कार्यक्रम सञ्चालन पछि हुने उपलब्धिहरू**

मदिरा सेवनबारे जनचेतना वृद्धि, मदिरा सेवनमा कमि, सामाजिक सद्भावमा सुधार र घेरलु हिंसा न्युनिकरण हुने र मदिरा सेवन गरी होहना गर्दा कानुनी कारबाहीका विषयमा सचेत हुनेछन् ।

**कार्यक्रमका लागि बावश्यक पर्ने बजेटको विवरण**

गुठिचौर गाउँपालिका जुम्लाले सञ्चालन गरेको मदिरा नियन्त्रण तथा न्युनिकरण अभियानको प्रभाव र कार्यान्वयनको अवस्थाका विषयमा प्रत्येक बस्तिमा पुगेर गरिने जन संवाद कार्यक्रमका लागि आवश्यक पर्ने बजेटको ढाँचा विवरण ।

**तपशिल**

| क्र स | विवरण | परिणाम | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जन संवाद कार्यक्रमको सूचना प्रशारण (एक हप्ता) | १०० पटक | २०० | २०००० | |

गुठिचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हाकुबुडा, जुम्ला कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कार्यक्रमको मूल ब्यानर | १ वटा | २००० | २००० | |
| ३ | कार्यक्रमको लागि साउण्ड सिस्टम | १० दिन | ८००० | ८०००० | |
| ४ | कार्यक्रम रेकडिङ्ग तथा छलफल (प्रत्येक बस्तिमा) | १० दिन | १९००० | १९०००० | |
| ५ | रेकडिङ्ग कार्यक्रमको सम्पादन | १० दिन | ४००० | ४०००० | |
| ६ | जन संवाद कार्यक्रमको भिडियो रेकडिङ्ग | १० दिन | ७००० | ७०००० | |
| ७ | कार्यक्रमको प्रतिवेदन तयारी | २ दिन | ४००० | ८००० | |
| ८ | कार्यक्रमको लागि स्टेशनरी तथा सञ्चार खर्च | | २०००० | २०००० | |
| ९ | कार्यक्रमको लागि खाना खाजा र चिया खर्च एउटा कार्यक्रममा ३० जना भन्दा बढी | १० दिन | ६००० | ६०००० | |
| १० | बिबिध खर्च | | १०००० | १०००० | |
| | | जम्मा | | ५००००० | |

**निष्कर्ष**

लागूऔषध दुर्व्यसनी तथा अन्य सामाजिक विकृतिहरू समाज विकासका प्रमुख चुनौतीहरू हुन्। यस्ता समस्याविरुद्ध सामुदायिक चेतना अभिवृद्धि गर्न सडक नाटक प्रभावकारी माध्यम भएकाले यस कार्यक्रमले गाँउपालिका का नागरिकहरूमा सकारात्मक सोच, जिम्मेवारी तथा सामाजिक उत्तरदायित्व विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस कार्यक्रमबाट सामाजिक विकृतिविरुद्ध सामुदायिक ऐक्यबद्धता सुदृढ भई स्वस्थ, सभ्य र समुन्नत समाज निर्माणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

Guthichaur Rural Municipality
Office of Executive Municipality
Province Karnali
Dhawalmudi, Jumla.

# BILL OF QUANTITY

कार्यक्रम / आयोजनाको नाम: मदिरा नियन्त्रण तथा व्यावस्थापन प्रभावकारीता सम्बन्धि जन सम्वात कार्यक्रम
ठेगाना:- गुठिचौर गाँउपालिका जुम्ला

| Item No. | Description of Works | Unit | Quantity | Rate NRs. | | Total Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Figures | In Words | | |
| 1 | मदिरा नियन्त्रण तथा व्यावस्थापन प्रभावकारीता सम्बन्धि जन सम्वात कार्यक्रम | पटक | 1.00 | | | | |
| | GRAND TOTAL | | | | | | |

In words:

Firm Name :-

Address :- Sign :-

Stamp :- Date :-